आज मिति २०७८ साल जेठ २५ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख

श्री रेणु आचार्य, उप प्रमुख

श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १

श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २

श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३

श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४

श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५

श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६

श्री कर्ण बहादुर भिजार, वडा अध्यक्ष वडा नं. ७

श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८

श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९

श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०

श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११

श्री हरि प्रसाद कडेँल, वडा अध्यक्ष वडा नं. १२

श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३

श्री रमना परियार, कार्यपालिका सदस्य

श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य

श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य

श्री खिम कुमारी राना, कार्यपालिका सदस्य

श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य

श्री भुमीकला सुनार, कार्यपालिका सदस्य

श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य

श्री विष्णु खत्री, कार्यपालिका सदस्य

श्री जगत बहादुर वस्नेत, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन (वडा नं. ४ को सहयोगी)

श्री मानबहादुर ठाडा, लेखा अधिकृत

श्री कुल बहादुर खड्का, ना.सु.

श्री खगेन्द्र नगाल

Scanned with CamScanner

**प्रस्ताव नं. १ : आगामी आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम सम्बन्धमा ।**

निर्णय नं. १ : यस नगरपालिकाको आगामी आ.व. २०७८।०७९ को नवौं नगरसभामा पेश हुने नीति बजेट तथा कार्यक्रम मिति २०७८।३।१० गते दिनको १ बजे पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : योजना सम्झौता सम्बन्धमा ।**

निर्णय नं. २ : यस भेरीगंगा नगरपालिकाको चालु आ.व. २०७७।०७८ को आठौं नगरसभाबाट योजना सम्झौता २०७८ बैशाख मसान्तसम्ममा सम्पन्न गरी सक्ने भनी निर्णय भएकोमा कोभिड १९ कोरोना भाइरसको प्रकोपको कारणवाट बन्दाबन्दीको स्थिती सिर्जना भएको हुँदा २०७८ साल जेठ मसान्तसम्ममा आयोजनाहरु सम्झौता गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : DPR गर्ने सम्बन्धमा ।**

निर्णय नं. ३ : यस भेरीगंगा नगरपालिकाको बहुउद्देश्यीय भवनको विस्तृत परियोजना प्रतिवेदन (DPR) करिब रु १५ लाख आगामी आ.व.मा भुक्तानी दिने गरी चालू आ.व.मा सम्झौता गरी प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : उपभोक्ता समितिबाट योजना संचालन गर्ने सम्बन्धमा ।**

निर्णय नं. ४ : यस भेरीगंगा नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा डिपबोरिङ्गको कार्यक्रम भएको । डिप बोरिङ्ग गर्ने सम्बन्धित निर्माण व्यवसायीसँग समन्वय गर्दा हालसम्म पनि प्राविधिक शाखामा सम्पर्क राख्न नआएको र आर्थिक बर्ष पनि समाप्त हुन थालेकोले सम्बन्धित उपभोक्ताहरुबाट निर्माण कार्य अघि बढाउने निर्णय गरियो ।

Scanned with CamScanner